# जुम्ला जिल्ला अदालत
## जुम्ला

विषयः सेवा प्रवाह सिमित हुने सम्बन्धी सूचना।

कोरोना भाइरस (COVID-19) को नयाँ भेरियन्टको संक्रमण दरमा भएको वृद्धि तथा यसबाट उत्पन्न हुन सक्ने थप जोखिमलाई मध्यनजर गरी नेपाल सरकारबाट मिति २०७८।१।६ मा भएको निर्णय एवं जिल्ला प्रशासन कार्यालय, जुम्लाबाट मिति २०७८।१।२१ मा जारी भएको आदेशानुसारको सूचनाबाट निषेध गरिएका विभिन्न क्रियाकलापहरुको सन्दर्भमा सर्वोच्च अदालतको मिति २०७८।१।१४ को पूर्ण बैठकको निर्णयानुसार जारी सूचनाको बुँदा नं. (२) समेतको आधारमा उच्च अदालत सुर्खेत, जुम्ला इजलासमा मिति २०७८।१।२२ मा आयोजित छलफलमा जुम्ला जिल्ला अदालत, उच्च तथा जिल्ला सरकारी वकिल कार्यालय, जुम्ला र उच्च अदालत तथा जिल्ला अदालत बार एशोसिएशन, जुम्ला समेतका प्रतिनिधिहरु बिच भएको समझदारी अनुसार मिति २०७८ वैशाख २३ गतेदेखि मिति २०७८ वैशाख ३१ गतेसम्म यस अदालतबाट प्रवाह हुने सेवामध्ये देहाय बमोजिमको सेवा मात्र प्रवाह हुने बेहोरा यस अदालतको मिति २०७८।१।२२ को निर्णयानुसार सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छः

१. नेपाल सरकारवादी हुने फौजदारी मुद्दाको अभियोगपत्र दर्ता, पक्राउ पूर्जी अनुमति एवं जरुरी पक्राउ पूर्जीको समर्थन सम्बन्धी कार्य, हिरासतमा राखी अनुसन्धान गर्न माग भएको म्याद थप सम्बन्धी कार्य, कल डिटेल अनुमति र अभियोगपत्र साथ पेस भएका अभियुक्तको बयान तथा थुनछेक आदेश सम्बन्धी कार्यहरु,
२. पक्राउ परी आएका फरार प्रतिवादीको बयान र थुनछेक आदेश सम्बन्धी कार्य,
३. मुलुकी फौजदारी कार्यविधि संहिता,२०७४ को दफा १५५ बमोजिमको निवेदन सम्बन्धी कार्य,
४. कसूर ठहर भई सजाय निर्धारण हुन बाँकी कार्य,
५. कैदीहरुले कैद भुक्तान गरी जरिवाना रकम बुझाउन पेस गरेका निवेदन सम्बन्धी कार्य,
६. बाल सुधार गृहमा रहेका बालबालिका जिम्मा लगाई पाउँ भनी आउने निवेदन सम्बन्धी कार्य,
७. घरेलु हिंसा सम्बन्धी फिरादपत्रको दर्ता र अन्तरिम संरक्षणात्मक आदेश सम्बन्धी कार्य,
८. जिल्ला अदालतको अधिकारक्षेत्रभित्रका रिट र कोभिड-१९ सँग सम्बन्धित निवेदन,
९. मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १३७(२) बमोजिमको निवेदन सम्बन्धी कार्य,
१०.मुद्दा फिर्ता तथा मिलापत्रको निवेदन दर्ता र कारवाही,

__द्रष्टव्यः__ *सर्वोच्च अदालतको बृहत् पूर्ण इजलासबाट मुद्दा नं ०७६-RE-०३१२ मा मिति २०७७/०२/१५ गते भएको आदेशानुसार उल्लिखित अवधिमा कुनै मुद्दाको हदम्याद, म्याद र तारिख नगुज्रने र थमाउन पाइनेछ।*

०७८।१।२२

(सरोजराज रेग्मी)
स्रेस्तेदार

मितिः २०७८ साल वैशाख २२ गते, बुधबार।

फोन नं. ०८७-५२०४३७ इमेलः info.dcjumla@supremecourt.gov.np